# नेपाल सरकार तथा नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच हुने युद्धविराम सम्झौताको मस्यौदा

**प्रस्तावना :**

नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) द्वारा छुट्टाछुट्टै विज्ञप्तिमार्फत गरिएको युद्धविरामको घोषणाप्रति प्रतिबद्ध रहँदै,

युद्धमा प्रत्यक्षरुपमा संलग्न नभएका व्यक्ति तथा समूह युद्धबाट बढी प्रभावित भएको तथ्यलाई आत्मसात गर्दै,

जुनसुकै समस्याको शान्तिपूर्ण समाधानको लागि वार्ता नै निकासको महत्वपूर्ण माध्यम हो भन्ने कुरालाई हृदयङ्गम गरी दीर्घकालीन शान्तिका लागि उचित वातावरण सृजना गर्नुपर्ने आधारभूत आवश्यकतालाई महत्व दिँदै,

मानव अधिकारको संरक्षण तथा सम्मान लोकतन्त्रको आधारशीला भएकोले मानव अधिकार र मानवीय कानून सम्वन्धी अन्तर्राष्ट्रिय मापदण्ड तथा देशको प्रचलित कानूनद्वारा प्रत्याभूत गरिएका मौलिक हकहरुको पालना प्रति पुनः प्रतिवद्धता व्यक्त गर्दै,

नेपाली जनताको मानव अधिकार, विकास, दीर्घकालीन शान्तिप्रतिको तीव्र चाहनालाई ध्यानमा राख्दै र हालै भएको शान्तिपूर्ण लोकतान्त्रिक जनआन्दोलनमा अभिव्यक्त जनभावनालाई कदर गर्दै,

हामी, नेपाल सरकार (यसपछि सरकार भनिएको) तथा नेपाल कम्युनिष्ट पार्टी माओवादी (यसपछि माओवादी भनिएको), दुवै पक्ष वीच हुने युद्ध विराम सम्झौता (त्यसपछि सम्झौता भनिएको) का निम्न बुँदाहरुमा सहमत भएका छौं ।

## दफा १ : युद्धविरामको परिभाषा

१.१ यस सम्झौतामा युद्धविराम भन्नाले:

(क) सरकार तथा माओवादी बीच सबै प्रकारका सशस्त्र आक्रमण वन्द गर्ने कार्यलाई सम्झनु पर्छ र

(ख) यसले माओवादीका विभिन्न भ्रातृ संगठन तथा माओवादी समर्थकहरुद्वारा गरिने आक्रामक गतिविधि रोक्ने कार्य एवं दुवै पक्षका सशस्त्र बलहरुको परिचालन, सुदृढीकरण, आक्रामक कारवाही तथा जुनसुकै माध्यमबाट विध्वंश फैलाउने कार्य र मिथ्या प्रचार समेतलाई बन्द गर्ने कार्यलाई जनाउँछ ।

## दफा २ : सरकारको सेना र प्रहरी तथा माओवादीका सैन्य दस्ता परिचालन

युद्धविराम सम्झौताको सम्मान गर्न दुवै पक्ष निम्न वुँदाहरुमा सहमत भएका छन् :

२.१ सम्झौतामा हस्ताक्षरी दुवै पक्ष कुनै पनि प्रकारको सशस्त्र कारवाहीमा संलग्न हुने छैनन् । कुनै पनि हतियारद्वारा आक्रमण, सशस्त्र खानतलासी, धराप थाप्ने, हत्या, वेपत्ता वा अपहरण, गैर कानूनी थुना वा कब्जा, सैनिक तथा गैर सैनिक सम्पत्तिको कुनै पनि किसिमले हानी-नोक्सानी हुने कार्य एवं बारुदी सुरुङ्ग विछ्याउने जस्ता कारवाहीहरु तत्काल बन्द गरिने छन् ।

२.२ नयाँ सैनिक अखडा वा हतियार सहितको कुनै समूह तयार गर्ने र एक ठाउँबाट अर्को ठाउँमा सैन्य बल स्थानान्तरण तथा स्रोत परिचालन गर्ने कार्य बन्द गरिने छन् ।

२.३ सरकारको सुरक्षा बलले राष्ट्रको सीमानामा हुन सक्ने घुसपैठ, हातहतियार, विष्फोटक पदार्थ र युद्धसँग सम्वन्धित जुनसुकै सामानहरु गैरकानूनी रुपमा ओसार-पसार गर्ने कार्य रोक्न र गस्ती गर्ने काममा यो सम्झौताले असर पार्ने छैन ।

२.४ देशको सार्वभौमसत्ता र अखण्डताको रक्षाको लागि नेपाली सेनाले कानून वमोजिमको कार्य गर्ने क्रममा माओवादी पार्टीका कार्यकर्ता, उक्त पार्टीका भ्रातृ संगठन र समर्थकहरु विरुद्ध आक्रामक कारवाही गर्ने छैन ।

२.५ सरकारले थप सैनिक भर्ती गर्ने छैन र यो सम्झौता लागू हुनु अगावै खरीद आदेश भैसकेको वाहेक हतियार सैनिक वन्दोवस्तीका सामानहरु खरीद गर्ने छैन । खरीद गर्न आदेश भैसकेको हतियार तथा सैनिक वन्दोवस्तीका सामानहरुको बारेमा जानकारी सरकारले सार्वजनिक गर्ने छ । तर यसले माथि दफा २.४ को प्रयोजनको लागि हतियार तथा सैनिक वन्दोवस्तीका सामानहरु खरीद तथा सैन्य भर्ती गर्ने कुरालाई कुनै वाधा पुग्ने छैन ।

२.६ देशको सार्वभौमसत्तामा आँच आउने गरी वाह्य आक्रमण भएमा वाहेक सरकारले सैनिक खर्चमा वृद्धि गर्ने छैन ।

२.७ माओवादीले हातहतियार लगायत सैन्य वन्दोवस्तीका सामानहरु खरीद वा ओसार पसार गर्ने कार्य बन्द गर्ने छन् । युद्ध रणनीति तथा सार्वजनिक सम्पत्ति र संरचनाको विध्वंश गर्ने एवं करकापबाट चन्दा संकलन गर्ने छैनन् ।

२.८ माओवादीले युद्धको लागि नयाँ भर्ती गर्ने र तालिम दिने कार्य वन्द गर्नेछन् तथा नयाँ सैन्य दस्ता खडा गर्ने कार्य समेत नगरी यथास्थितिमा रहने छन् ।

२.९ माओवादीले स्वदेश तथा विदेशमा अवस्थित आफ्नो भ्रातृ संगठन र समर्थक समेतबाट दुवै पक्षबीच हुने अर्थपूर्ण शान्तिवार्ता बिथोल्ने गरी कुनै पनि ध्वंसात्मक कार्य तथा मिथ्या प्रचार नगरिने कुरा सुनिश्चित गर्दछन् ।

२.१० द्वन्द्वको समयमा प्रयोग गरिएका धराप तथा बारुदी सुरुङ्गहरुको बारेमा सम्झौता भएको ३० दिन भित्र दुवै पक्षले सार्वजनिक रुपमा एकअर्का पक्षलाई जानकारी गराउनेछन् र ६० दिन भित्र त्यसलाई हटाउने छन् ।

## दफा ३ : आवतजावतको स्वतन्त्रता

३.१ जनपद प्रहरीले देशको जुनसुकै भागमा कानूनी व्यवस्था कायम राख्नको लागि निर्वाध रुपमा आवतजावत गर्न तथा आफ्ना कार्यालय स्थापना गर्न सक्नेछन् ।

३.२ कुनै पनि व्यक्ति बिना हातहतियार सादा पोसाकमा आफ्ना परिवार तथा नातागोतालाई भेट्न र कुनैपनि सार्वजनिक ठाउँमा आवतजावत गर्न सक्नेछन् ।

३.३ जनसाधारण र सरकारका कर्मचारीहरु देशको कुनै पनि भागमा स्वतन्त्र रुपमा आवतजावत गर्न पाउनेछन् तथा तिनीहरुलाई कुनै पनि धम्की दिने, सताउने वा कुनै प्रकारले खतरामा पार्ने काम नगर्न दुवै पक्ष सहमत छन् ।

३.४ आवागमनमा वाधा पर्नेगरी सडकमा अवरोध गरी वा अन्य कुनै प्रकारले गैर सैनिक यातायातको साधनलाई रोक्ने वा सञ्चारको कुनै पनि साधनलाई वाधा पुऱ्याउने कार्य दुवै पक्षबाट गरिने छैन ।

## दफा - ४ : स्थिति सामान्यीकरणका उपायहरु

देशको स्थितिलाई सामान्य बनाई नागरिकले सामान्य जीवन यापन गर्ने वातावरण तत्कालै सृजना गर्न र वार्तालाई स्थायी शान्ति स्थापना तर्फ उन्मुख गर्ने उद्देश्यले विश्वासको वातावरण बनाउन निम्न उपायहरु अवलम्बन गरिने छन् :

४.१ सरकारले आतंककारी तथा विध्वंसात्मक (अपराध र सजाय ) अध्यादेश, २०६३ खारेज गर्नको लागि सम्झौता लागू भएको १५ दिन भित्र प्रक्रिया चाल्नेछ र खारेज नभएसम्मको लागि अध्यादेश प्रयोग गरी कसैलाई कारवाही गर्ने छैन ।

४.२ द्वन्द्वको सिलसिलामा आतंककारी तथा विध्वंसात्मक (अपराध र सजाय ) अध्यादेश, २०६३ र अन्य सुरक्षा तथा फौजदारी कानूनहरु अन्तर्गत पक्राउ गरिएका व्यक्तिहरुको बारेमा सरकारले सम्झौता लागु भएको मितिले ३० दिन भित्र जानकारी सार्वजनिक गर्नेछ ।

४.३ आफ्नो हिरासत वा थुनामा रहेका मानिसहरुको नाम, ठेगाना, राखेको ठाउँ आदिको बारेमा सम्झौता लागु भएको मितिले ३० दिन भित्र जानकारी सार्वजनिक गरी परिवारजन र कानून व्यवसायीसंग सम्पर्क गर्न सक्ने व्यवस्था मिलाउन सरकार मञ्जुर गर्दछ ।

४.४ आफ्ना कब्जामा रहेका मानिसहरुको बारेमा जानकारी सार्वजनिक गरी ३० दिन भित्र सबैलाई मुक्त गर्न माओवादी मञ्जुर गर्दछ ।

४.५ द्वन्द्वको समयमा मारिएकाहरुको बास्तविक नाम छद्म नाम, घरको ठेगाना, मारिएको स्थान तथा लास गाडिएको, जलाईएको वा कुनै तरहले फालिएको ठाउँको वारेमा सम्झौता भएको मितिले ३० दिन भित्र सूचनाहरु सार्वजनिक गरी परिवारजनलाई समेत जानकारी उपलब्ध गराउन दुवै पक्ष मञ्जुर गर्दछन् ।

४.६ मानवीय उद्धारको काम तुरुन्त सुरु गर्न रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आइ.सी.आर.सी) लगायत मानवीय कार्यमा संलग्न अन्य संस्थाहरुलाई देशको जुन सुकै भागमा आवगमन गर्नमा रोक नलगाउन दुवै पक्ष मञ्जुर गर्दछन् ।

४.७ सर्वसाधारणलाई यातना दिने, अपहरण गर्ने, सताउने, मिथ्या प्रचार गर्ने, जवरजस्ती कुनै काममा लगाउने, महिलाहरुलाई दुर्व्यवहार तथा यौन शोषण गर्ने, बालबालिकाहरुलाई कुनै पनि राजनितिक गतिविधिमा संलग्न गराउने र कुनै पनि प्रकारको सैन्य तालिम दिने कार्य बन्द गर्न माओवादी मञ्जुर गर्दछ ।

४.८ कुनै किसिमको यातना दिने, अपहरण गर्ने, सताउने, मिथ्या प्रचार गर्ने, जवरजस्ती कुनै काममा लगाउने, महिलाहरुलाई दुर्व्यवहार गर्ने जस्ता कार्य रोक्नका लागि आवश्यक पहल गर्न सरकार मञ्जुर गर्दछ ।

४.९ कुनै पनि सामाजिक, साँस्कृतिक, धार्मिक संवेदनशीलता, धार्मिक स्थल र व्यक्तिको धार्मिक आस्थाको सम्मान गर्न र राजनितिक आस्थामा प्रतिकुल असर पार्ने गरी कुनै पनि क्रियाकलाप हुन नदिन दुबै पक्ष सहमत छन् ।

४.१० द्वन्द्वको कारणले आन्तरिक र बाह्य रुपमा बिस्थापित भएका व्यक्तिहरु आफ्नो साबिक ठाउँमा फर्कन वा आफुले चाहे बमोजिम अन्य कुनै ठाउमा बसोबास गर्न पाउने वातावरण सृजना गर्न दुवै पक्ष मञ्जुर गर्दछन् ।

४.११ द्वन्द्वको कारणले कुनै पनि तरहबाट पीडित सर्वसाधारणको पुनः स्थापना तथा राहत कार्यक्रम आफै संञ्चालन गर्न वा अन्यले सञ्चालन गरेका त्यस्ता कार्यक्रममा पूर्ण सहयोग गर्न सरकार मञ्जुर गर्दछ ।

४.१२ शैक्षिक संस्थाहरु तथा स्वास्थ्य केन्द्रहरुको पवित्रतालाई दुवै पक्षले सम्मान गर्ने छन्  र त्यस्ता संस्थाहरुको सुचारु रुपले सञ्चालनमा बाधा पुग्ने गरी कुनै पनि क्रियाकलाप सञ्चालन नगरी यस्ता संस्थाहरुलाई शान्ति क्षेत्र घोषणा गरी त्यसलाई निरन्तरता दिन दुबै पक्ष मञ्जुर गर्दछन् । उक्त संस्थाहरुका भवनहरु कसैले अर्कै उद्देश्यको लागि प्रयोग गरेको भए तुरुन्त खाली गरी त्यस्ता संस्थाहरु सुचारु रुपले पुनः सञ्चालनमा आउने वातावरण सृजना गर्न समेत दुवै पक्ष सहमत छन् ।

४.१३ विद्यार्थी तथा शिक्षकहरुलाई द्वन्द्वसँग सम्बन्धित कुनै पनि क्रियाकलापमा प्रयोग नगर्न दुवै पक्ष मञ्जुर छन् ।

४.१४ हरेक देशबासीको गाँस, बाँस र कपास पाउने अधिकारको सम्मान गर्दै त्यस्ता न्यूनतम आवश्यकताको आपूर्तिमा बाधा नपुऱ्याई सहयोग गर्न दुवै पक्ष मञ्जुर गर्दछन् ।

४.१५ सार्वजनिक सम्पत्तिको हानी नोक्सानी नगर्ने तथा त्यस्ता सम्पत्तिहरुको सुरक्षाको लागि मर्मत सम्भार इत्यादि गर्ने कार्यमा सहयोग पुऱ्याउन दुवै पक्ष मञ्जुर गर्दछन् ।

४.१६ नागरिक समाज, संयुक्त राष्ट्र संघ लगायत अन्तर्राष्ट्रिय सहयोग संस्थाहरुलाई राहत, पुनःस्थापना तथा बिकास कार्यक्रमहरु संञ्चालन गर्नका लागि कुनै रोक नलगाउन दुवै पक्ष मञ्जुर गर्दछन् ।

४.१७ दुवै पक्षको क्रियाकलापहरुको अनुगमन गर्न र मानव अधिकारको संरक्षण र प्रबर्द्धन गर्ने कार्यमा राष्ट्रिय मानव अधिकार आयोग तथा राष्ट्र संघीय मानव अधिकार उच्चायुक्तको नेपाल स्थित कार्यालयलाई आवश्यक सहयोग गर्न दुवै पक्ष सहमत छन् ।

## दफा - ५ : सम्झौताको अनुगमन संयन्त्र

५.१ युद्धविरामको समयमा सम्झौताका शर्तहरुको पुर्ण पालनाको लागि दुवै पक्षका क्रियाकलापहरुको अनुगमन गरी एक अर्काबीच विश्वासको वातावरण कायम राख्नका लागि राष्ट्रिय, अन्तर्राष्ट्रिय वा संयुक्त अनुगमन संयन्त्र १५ दिन भित्र दुबै पक्षको सहमतिमा गठन गरिने छ ।

## दफा - ६ : सम्झौता  प्रारम्भ र संशोधन

६.१ यो सम्झौतामा दुवै पक्षले हस्ताक्षर गरेपछि तुरुन्त लागु हुने छ ।
६.२ दुवै पक्षको सहमतिले यो सम्झौता  संशोधन हुन सक्नेछ ।
६.३ कुनै कारणले गर्दा सरकार र माओवादी बीचको वार्तामा चित्तबुझ्दो प्रगति हुन नसकेमा पनि माथि उल्लिखित सर्तहरु पालनामा निरन्तरता दिइने छ र वार्तालाई अग्रगति दिने अरु उपायहरु खोजिने छन् ।